# रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड

महाराजगञ्ज, काठमाडौं

## नवौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रकाशित मिति : २०७८/०९/०२

**श्री शेयरधनी महानुभावहरु,**

संचालक समितिको मिति २०७८/०९/०१ को निर्णय अनुसार यस कम्पनीको नवौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा तपशिल बमोजिमका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि अनुरोध छ । विश्वव्यापी महामारी कोभिड-१९ को विभिन्न भेरियन्टहरुबाट भइरहेको संक्रमणको जोखिम अन्त्य भइनसकेको र नेपालमा समेत संक्रमणको उच्च जोखिम कायमै रहेको यस विशेष परिस्थितिमा विद्युतीय माध्यम (Zoom Meeting) मार्फत साधारण सभामा सहभागि भईदिनुहुन विनम्र अनुरोध छ।

**साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति :** २०७८/०९/२६ गते सोमबार (तदनुसार १० जनवरी २०२२)

**समय :** बिहान ११:०० बजे।

**स्थान :** रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडको सभाहल, महाराजगंज, काठमाडौंबाट भर्चुअल माध्यम (Zoom Meeting) मार्फत सञ्चालन गरिनेछ । विद्युतीय माध्यमबाट सभामा भाग लिन शेयरधनीहरुलाई Meeting Id र Password उपलब्ध गराइनेछ।

**शेयरधनी पुस्तिका बन्द रहने मिति: २०७८/०९/१२**

**साधारण सभामा छलफल हुने विषय सूची :**

**(क) सामान्य प्रस्ताव**

१. संचालक समितिको आ.ब. २०७७/०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ साल आषाढ मसान्तको वासलात र आ.ब. २०७७/०७८ को आर्थिक विवरणहरु माथि छलफल गरी पारित गर्ने।

३. आ.ब. २०७८/०७९ का लागि लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने।

४. विविध।

**(ख) विशेष प्रस्ताव**

१. कम्पनीको चुक्ता पूँजी र संचित मुनाफा (फ्री रिजर्भ) को जम्मा रकम भन्दा बढी हुनेगरी ऋण लिने निर्णय अनुमोदन हुन तथा थप ऋण लिन स्वीकृती प्रदान गर्ने सम्बन्धमा।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

### साधारण सभा सम्बन्धी थप जानकारी

१. साधारण सभामा भाग लिन Meeting Id र Password को निमित्त कम्पनीको शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लिमिटेडको इमेल ठेगाना rts@siddharthacapital.com मा कम्तिमा ७२ घण्टा अगावै आफ्नो नाम, बाबु र बाजेको नाम, डिम्याट खाता नम्बर (BOID) र धारण गरेको शेयर संख्या समेत उल्लेख गरी अनुरोध गर्नुपर्नेछ। यसरी अनुरोध गर्नुहुने महानुभावहरु कम्पनीको शेयरधनी रहेको यकिन भए पश्चात सभा हुनुभन्दा ४८ घण्टा अगावै Meeting ID र Password पठाइनेछ। साथै साधारण सभा शुरु हुनुभन्दा एक घण्टा अगाडि देखि नै Virtual Meeting मा Join हुन सकिने गरी खुल्ला गरिनेछ।

२. आफ्नो मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा शुरु हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै कार्यालय समय भित्र इमेल गरी आफ्नो नाम दर्ता गराउनु पर्नेछ।

३. कम्पनीको वार्षिक प्रतिवेदन कम्पनीको कार्यालय, महाराजगञ्ज, काठमाडौं र शेयर रजिष्ट्रारको कार्यालय नक्साल, काठमाडौंबाट प्राप्त गर्न सकिनेछ।

४. कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफैं वा प्रतिनिधि मार्फत विद्युतीय माध्यम (Zoom Meeting) बाट सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सकिनेछ। सो को लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले कम्पनीको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सकिनेछ । प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधिपत्र बुझाई सक्नुपर्नेछ।

५. साधारण सभा सम्बन्धी अन्य जानकारी आवश्यक परेमा कम्पनीको केन्द्रीय कार्यालय वा शेयर रजिष्ट्रार श्री सिद्धार्थ क्यापिटल लिमिटेडको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।